# ४ परमेश्वर र मानव पीडा

*__यस अध्यायका मूल पदहरू:__* रोमी १:१८-२०, अय्यूब १२:७-१०, प्रकाश ४:११, कलस्सी १:१६,१७, मत्ती ६:३४, अय्यूब १०:८-१२ र रोमी ३:१-४।

यस अध्यायको कण्ठ गर्नुपर्ने मूल पदः "त्यसकारण भोलीको निम्ति चिन्ता नगर। भोलीको चिन्ता भोली नै गरिने छ। प्रत्येक दिनको समस्या वा तकलिफ प्रत्येक दिनमै काफि छ वा पुग्छ।" (मत्ती ६:३४ रूपान्तरित)।

प्रायजसो बाइबलका अरू पुस्तकहरूमा इस्राएल देश र त्यहाँमा मानिसहरूको बारेमा वर्णन गरिएको हुन्छ तर अय्यूबको पुस्तकमा त्यसको नामनिशानै नभएको पाउँछौं। उत्पत्तिको पुस्तकमा परमेश्वरले अब्रामसँग यो बाचा बाँध्नुहुन्छ "म तिमीबाट ठूलो राष्ट्रको स्थापना गर्छु।" (उत्पत्ति १२:२ रूपान्तरित)। प्रकाशको पुस्तकमा पवित्र शहर (यरुशलेम)को योजना परमेश्वरमा भएको यूहन्नाले उल्लेख गर्दछन् (प्रकाश २२:१९)। परमेश्वरका जनहरूसँग कुनै न कुनै रूपमा सिधै होस् वा प्रत्यक्ष्य रूपमा होस् वा घुमाउरो वा अप्रत्यक्ष्य रूपमा होस् उहाँ आफ्नो सम्बन्ध कायम गर्न चाहनुहुन्थ्यो भनेर बाइबलले देखाउँदछ। सनातन् सृष्टिकर्ता परमेश्वरको प्रभाव बाइबलभरि फैलिएको पाइन्छ।

तर अय्यूबको पुस्तकमा छुट्टै जाति खडा गरेर आफ्नो सम्बन्ध राख्न चाहेको र राखिरहेको बारेमा केही पनि उल्लेख गरिएको छैन। त्यसमा प्रस्थानको बारेमा पनि केहि उल्लेख गरेको छैन। किन त? एउटा तर्क यो छ कि मोशाले अय्यूबको साथै उत्पत्तिको पुस्तकहरू लेख्दा प्रस्थान् वा इस्राएलीहरू इजिप्टमा दासत्व जिवनबाट स्वतन्त्र भएर निक्लेको घट्ना घटेको थिएन।

हुनसक्छ त्यहाँ अर्को अझै महत्त्वपूर्ण कारण हुनसक्छ। अय्यूबको पुस्तकमा भएका बिभिन्न मूल विषय बस्तुहरूमा मानव पीडा पनि एक प्रमूख थियो। मानव पिडा कुनै जात, समूह र समयमा मात्र सिमित छैन। हामी सबै कुनै न कुनै रूपमा संकष्ट भोगेका छौं र भोगिरहेका छौं। यहूदी होस् वा अन्यजाति वा गैर यहूदी होस् यस पापी संसारमा कुनै न कुनै रूपमा अय्यूबको

पीडामा सहभागि भइरहेका छौं। अय्यूबको पीडा वा कष्टले हामी मानवप्राणीको पीडालाई प्रतिनिधित्व गर्दछ।

## १ प्रकृतिमा परमेश्वर (रोमी १:१८-२०)

पावलले के सान्दर्भिक कुरा रोमी १:१८-२०मा व्यक्त गरेका छन्? हेर्नुहोस् "१८ परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ, जसले सत्यलाई तिनीहरूका अधर्मले दबाइराखेका छन्। १९ परमेश्वरको विषयमा जान्न सकिने कुरा तिनीहरूमा प्रष्टै छ, किनकि परमेश्वरले तिनीहरूलाई त्यो कुरा देखाइदिनुभएको छ। २० उहाँको अदृश्य गुण, अर्थात् उहाँको अनन्त शक्ति र ईश्वरीय स्वभाव संसारको सृष्टिदेखि नै बनाइएका थोकहरूमा छर्लङ्गै देखिएको छ। यसैले यिनीहरूलाई कुनै किसिमको बहाना छैन।"

उपरोक्त पावलको कथन केवल केही हरफ वा वाक्यहरूमा मात्र छन् तर त्यहाँ व्यक्त गरिएका वचनहरू अत्यन्त गहिरो र प्रभावकारी छन्। प्राकृतिक संसारमा यस्ता धेरै थोकहरू छन् जसले परमेश्वरको अस्तित्वलाई प्रमाणित गर्दछन् जसले गर्दा परमेश्वरको अस्तित्व वा उहाँप्रति आस्था नराख्न मानिसलाई कुनै बहाना हुँदैन। सृष्टि एकलबाट नै परमेश्वरको अस्तित्व वास्तविक हो भनेर पर्याप्त ज्ञानहरू पाउन सक्छन् र त्यस ज्ञानबाट नै मानव प्राणीको न्याय गर्न उहाँको अधिकार छ भनेर सिक्नसक्छन् भनेर पावलले जिकिर गर्दछन्।

निःसन्देह, प्राकृतिक संसारले परमेश्वरको अस्तित्वको प्रमाण हामीलाई दिँन्छ भन्ने कुरामा कसैको दुईमत छैन। आधुनिक विज्ञानले खोजनिति गरेर सृष्टिका यस्ता अचम्म तथ्यहरू पत्ता लगाएका छन् कि ३,००० वर्ष वा ३०० वर्ष अघिका मानिसहरूलाई थाहा थिएन न त कल्पना नै गरेका थिए। एउटा रोचक प्रसङ्गलाई हामीले ध्यान दिनुपर्छः जीवनका रहस्यहरूलाई विज्ञानले जति जति पत्ता लगाउन थाल्छन् त्यतित्यति जीवन कुनै दुर्घट्ना वा अचानक अर्थात् संयोगले सृष्टि भएको हो भन्ने तर्कमा असहमति जनाउन वैज्ञानिकहरू वाध्य हुनगएको पाइन्छ। उहाहरणमा हामीले हामीहरूले चलाएका मोबाइल वा आईफोनलाई लिन सक्छौं। त्यो कुनै अकस्मात आविष्कार नभएको भएर कसैले कल्पना गरेर त्यसको खाका वा डिजाइन बनाएर आविष्कार गरेको हो। त्यसको देखावटि रूप, त्यसले गर्ने भित्र बाहिरको काम आदि सबै खाका वा डिजाइनकै मुताविक काम गर्न नै मानवसमक्ष निकालेको हो। विभिन्न उपकरणहरू भएको

**कारखाना पड्केर अचानक मोबाइल निस्केको हो भनेर हामीलाई भनेको छैन। तर यो दुःखलाग्दो कुरा छ कि कतिपय वैज्ञानिक वा बिकासवादलाई वकालत गर्ने मानिसहरूले हामीहरूको जीवन र संसारको सृष्टि कुनै ग्रह पड्केर भएको हो भनेर मानिसहरूलाई विश्वास दिलाउन कसरत गरिरहेको पाइन्छ।**

पावलले रोमी १:१८-२०मा व्यक्त गरेका कथनहरुसँग मिल्दो अय्यूब १२:७-१०मा पनि हजारौं वर्ष पहिले व्यक्त गरिएको थियो। हेर्नुहोस् "७ “तर गएर पशुलाई सोध्नुहोस् र तिनीहरूले तपाईंलाई सिकाउनेछन्, अथवा आकाशका चराहरूलाई, अनि उनीहरूले तपाईंलाई बताउनेछन्, ८ अथवा पृथ्वीसित बोल्नुहोस्, र त्यसले तपाईंलाई सिकाउनेछ, वा समुद्रका माछालाई तपाईंलाई सिकाउन दिनुहोस्। ९ परमेश्वरको आफ्नै हातले यी सबै गर्नुभएको हो भनी यी सबैमध्येबाट कसले जान्दैन र? १० जीवितहरू सबैका प्राण, सबै मानिस-जातिका आत्मा परमेश्वरकै हातमा छ।"

**त्यसकारण, सृष्टि गरिएका यावत थोकहरूले परमेश्वरको अस्तित्व तथा महिमा कुनै मन गढन्ते अर्थात् मनवहलाउने वा काल्पनिक नभएर वास्तविक वा यथार्थ हो भनेर हामीलाई प्रमाण दिन्छ। यो स्वीकार्य छ कि पापै पापले क्षतविक्षत भएको संसारले परमेश्वरको सिद्ध चरित्र वा स्वभावलाई झल्काउँदैन। तर उहाँको सृष्टि गर्ने शक्ति र उहाँका अरू गुणहरू कुनै न कुनै रूपमा प्रकृतिले ठोस रूपमा देखाइरहेको हामी पाउँछौं।**

तपाईंले आफ्नो वरिपरि देखिरहने प्रकृति र त्यसको सौन्दर्यतालाई सोच्नुहोस्। तिनीहरूबाट परमेश्वरको शक्ति र गुणलाई कसरी झल्काइरहेको तपाईंले पाउनुहुन्छ? ती प्रकृतिका थोकहरूले परमेश्वरको शक्ति र गुण देखाउने भएकोले तिनीहरूलाई सम्झेर तपाईंले पनि परमेश्वरबाट पाउने बल र उत्साहलाई प्राप्त गर्न कसरी सिक्ने?

## २ कुनै थोक पनि आफै अचानक सृजिएको होइन (कलस्सी १:१६,१७)

**परमेश्वरको अस्तित्वलाई स्वीकार्ने धेरै असल र बलिया तर्कहरू धेरै छन्। सृष्टि भएको संसारले नै सृष्टिकर्ता परमेश्वरको वास्तविक अस्तित्वको बलियो साक्षी भएर खडा भएको छ। त्यसमाथि पनि कस्मोलोजिकल (cosmological) धारणा छ। यस वैज्ञानिक धारणाले यो बताउँछ कि कुनै थोक पनि आफै उत्पन्न हुँदैन र कुनै थोक पनि स्वःत सृष्टि हुँदैन। बरू जुन् कुरो सृष्टि भएको थियो त्यसलाई सृष्टि गर्न अघि नै केहि थोकबाटै सृष्टि भएको**

थियो। यो चक्र चलिरहन्छ तर त्यसबेला रोकिन्छ जब कुनै थोक सृष्टि हुनेबाट रोकिन्छ तर त्यो सृष्टि हुने जहिलै पनि थियो। त्यो थोक कहिलै पनि नभएको थोक थिएन। तर त्यो थोक के होला? त्यो हो बाइबलको परमेश्वर सृष्टिकर्ता।

सबै थोकको सुरूवातको बारेमा देहायका पदहरूले के भन्छ, हेर्नुहोस्: प्रकाश ४:११ ११ "हे हाम्रा प्रभु परमेश्वर, तपाईं सम्मान्, आदर र अधिकारको योग्यको हुनुहुन्छ किनभने सबै तपाईंले नै सृष्टि गर्नुभएको हो र तपाईंकै इच्छाअनुसार ती हुन आए र जीवन पाएका छन्।", कलस्सी १:१५-१७ "१५ नदेखिने परमेश्वरकै देखिने रूप ख्रीष्ट हुनुहुन्छ। उहाँ सृष्टिभन्दा जेठो हुनुहुन्छ १६ किनभने स्वर्ग र पृथ्वीमा भएका सबै कुरा उहाँद्वारा सृष्टि भयो। दृश्य र अदृश्य लगायत आत्माका शक्तिहरू, मालिकहरू, शासकहरू र अधिकारीहरू, यी सब ख्रीष्टद्वारा र ख्रीष्टकै निम्ति सृष्टि भयो। १७ सबै कुराहरूभन्दा पहिले उहाँ नै हुनुहुन्थ्यो अनि सबै कुराहरू उहाँमा नै अडेर रहेका छन्।" र यूहन्ना १:१-३ "१ सृष्टि हुनुभन्दा अघि नै वचन हुनुहुन्थ्यो। वचन परमेश्वरसँग हुनुहुन्थ्यो र वचन परमेश्वर नै हुनुहुन्थ्यो। २ उहाँ सृष्टि हुनुभन्दा अघि परमेश्वरसँगै हुनुहुन्थ्यो। ३ वचनद्वारा नै परमेश्वरले सबै थोक सृष्टि गर्नुभयो। सृष्टि भएका कुनै थोक पनि उहाँबिना बनिएन।"

उपरोक्त पदहरूले सृष्टिको निम्ति सनातन सृष्टिकर्ताको अस्तित्वलाई अत्यन्त अर्थपूर्ण र उचित तरिकाले व्याख्या गरेका छन्। कतिपय बुद्धजिवी र वैज्ञानिकहरूले सनातन सृष्टिकर्ता परमेश्वरको अस्तित्वलाई स्वीकार गर्न चाहँदैनन्। तिनीहरूले सृष्टिको बारेमा अर्कै धारणा राख्दछन्। सर्बशक्तिमान र सनातन् परमेश्वरको सट्टामा तिनीहरूले भन्दछन् कि सबै थोक कुनै नभएको थोकबाट अचानक उत्पन्न भयो। वर्तमान युगमा त्यो धारणा राख्नेहरूमध्येमा विश्वविख्यात नोबेल पुरस्कार पाएका वैज्ञानिक स्टिफन हकिङ्ग हुन्। हकिङ्ग अहिले त्यही शक्तिशाली कुर्सीमा बस्दछन् जुन् आइजाक न्युटन बसेका थिए। (आइजाक न्युटन बिलायतको वैज्ञानिक र गणिज्ञ थिए। उनको समयमा उनी अरू महान् वैज्ञानिकहरूमा एक थिए तर उनी परमेश्वरमाथि विश्वास गर्ने बाइबलको विद्वान पनि थिए। उनी ई.सन् १६४३मा जन्मेका थिए र उनको देहान्त मार्च ३१:१७२७मा भएको थियो)।

यो संसार कसैले सृष्टि गरेको होइन भन्दै हकिङ्गले भन्दछन् "गुरुत्वाकर्षणको नियमले गर्दा यस जगतको सृष्टि कुनै थोकबाट नभएर

आफैबाट भएको हो।"-स्टिफन हकिङ्ग र लियोनार्ड मिलडिनो, *द ग्रान्ड डिजाइन्* (न्यु योर्क रान्डम हाउस, २०१०) पृ. १८०बाट रूपान्तरित।

आफ्नो तर्कलाई वाख्या गर्न हकिङ्गले गहिरो र कठिन गणित शास्त्रलाई प्रस्ट रूपमा प्रयोग गरेका थिए। तर सबैले अचम्म मान्नुपर्ने कुरो त यो छः वैज्ञानिक क्रान्तिको सुरूवात भएको कमसेकम ४०० वर्ष भयो र अझै पनि हामी यहाँ छौं। संसारको एक प्रख्यात र उत्कृष्ट बैज्ञानिकले संसारमा सिकाइरहेकाछन् कि हामी स्वःत सृष्टि भयौं अर्थात् हामी शुन्य वा अस्तित्वविहिनबाट सृष्टि भयौं रे? गलत शिक्षा जहिलै पनि गलत नै हुन्छ चाहे त्यो महान् वैज्ञानिकले बोलेको किन नहोस्।

उपरोक्त कुरालाई मनमा राखेर १ कोरन्थी ३:१९ हेर्नुहोस्: "१९ किनभने संसारको ज्ञान परमेश्वरको अगाडि मूर्ख कुरा हो। धर्मशास्त्रमा लेखिएको छ, "परमेश्वरले ती ज्ञानी मानिसहरूलाई उनीहरूको चलाकीपनमा नै पक्रिनुहुन्छ।" येशूलाई विश्वास गर्ने प्रत्येक येशूभक्तले बाइबलको उपरोक्त पदलाई किन सधैं आत्मसाथ गरिराख्नुपर्छ?

## ३ सबभन्दा पुरानो पुस्तकहरूमा अय्यूबको पुस्तक (मत्ती ६:३४)

धेरै मानिसहरूले परमेश्वरमाथि आस्था राख्दैनन् भनेर हामीले अघिल्लो बुँदामा हेर्‍यौं। तर जसले परमेश्वरलाई विश्वास गर्छ वा उहाँमाथि आस्था राख्छ त्यो राख्ने धेरै कारणहरू छन् भनेर तिनीहरूले ठोकुवा गर्न सक्छन्। यद्यपि सयौं वर्षदेखि परमेश्वरलाई विश्वास नगर्ने धेरै मानिसहरूले उहाँलाई विश्वास नगर्न एउटा हठी कारण देखाएर उहाँलाई विश्वास नगर्न जिकिर गरिरहेका छन्। त्यो हो मानिसहरूमा आइपर्ने दुःख, कष्ट, पीडा र खराब तथा दुष्टताको उपस्थिति। यदि सर्व-गुणी, सर्व-प्रेमी र सर्वशक्तिमान परमेश्वर हुनुहुन्छ भने यस संसारमा दुष्ट तथा आतङ्कित बनाउने खराब तत्वको भूमरीमा हामी किन परिरहेका छौं? धेरै जसो मानिसहरूको हृदयमा यो प्रश्नले अग्रज स्थान पाइरहेको छ र परमेश्वरलाई विश्वास नगर्न एक बलियो तगारोको रूपमा खडा भइरहेको छ। यथार्थमा हामी पनि जतिसुकै परमेश्वरलाई विश्वास गरेतापनि, उहाँको सत्यताको स्वाद पाएतापनि र उहाँको प्रेमको अनुभव गरेतापनि यदि हामी दिल खोलेर इमान्दारितासाथ व्यक्त गर्‍यौं भने के हामीलाई पनि बेला बेलामा उपरोक्त प्रश्नले पिरोलेको छैन र वा पिरोल्दैन र?

यो एउटा अत्यन्त रोचक छ कि एलेन जी ह्वाइटले जे सिकाउनुभयो सो यहूदी परम्पराले पनि सिकाएको थियोः त्यो हो मोशाले अय्यूबको पुस्तक मिडान प्रान्तमा इजिप्ट अर्थात् मिश्रदेशबाट भागेर बसेको बेलामा लेखेका थिए। दुवै एलेन जी ह्वाइट र यहूदी इतिहासले यो धारणालाई समर्थन गर्दछन्: "धेरै वर्षसम्म मरुभूमिमा एक्लै परिरहनु परेतापनि मोशाको जीवन बेकारको भएको थिएन। उनको अघि महान् कार्य सम्पन्न गर्न उनी तालिम लिँदै थिए भने पवित्र आत्माको अगुवाईमा उनले उत्पत्ति र अय्यूबको पुस्तकहरू लेखेका थिए। संसारको अन्तिम घडीसम्म ती पुस्तकहरू परमेश्वरका जनहरूले गहिरो चासो देखाएर पढिरहनेछन्।"-एलेन जी ह्वाइटको टिप्पणी, द एसडिए बाइबल कमेन्टरी, ठेली ३, पृ. ११४०बाट रूपान्तरित।

यसले हामीलाई के भन्दछ भने बाइबलको सर्वप्रथम् लेखिएका दुई पुस्तकहरूमध्ये एक अय्यूबको पुस्तकले विश्वव्यापी रूपमा धरोहरको रूपमा तगारो जस्तो खडा भइरहेको मानव पीडा र दुःखकष्टको विषयलाई सम्बोधन गर्दछ। परमेश्वरलाई यो थाहा थियो कि मानिसहरूको दिमागमा दुःखकष्टको भुमरी एक ठूलो समस्याको रूपमा खडा भइरहनेछ। त्यसकारण सुरूदेखि नै संसारको उत्पत्तिको पुस्तक लेखेकै बेलामा परमेश्वरले मोशा मिडान प्रान्तमा हुँदा अय्यूबको पुस्तक पनि लेख्न उनलाई अऱ्हाउनुभएको थियो जुन् बाइबलमा समावेस गरिएको छ। प्रारम्भिक कालदेखि नै हामीहरूको दुःखकष्ट र पिडामा उहाँ पनि सरिक हुनुभएको थियो र उहाँलाई त्यसको बारेमा सबै कुरा थाहा थियो भनेर  हामीले थाहा पाउन परमेश्वरले त्यो पुस्तक लेखाउन भएको थियो। त्यसले गर्दा संसारको अन्तमा दुःखकष्ट र दुष्टताको अन्त उहाँले गर्नुहुनेछ भनेर हामीले उहाँमाथि आशा राख्न त्यस अय्यूबको पुस्तकले सिकाउँदछ।

मानव पीडा, खराब तत्व आदिको अस्तित्व कुनै मनगढन्ते नभएर साँच्चिकै हो भनेर बाइबलले स्वीकार्दछ। देहायका पदहरूले हामीलाई त्यो तथ्य कसरी सिकाउँछ?  हेर्नुहोस्, मत्ती ६:३४ "३४ भोलिको चिन्ता नगर। भोलिको समस्या भोलि नै सुल्झिन्छ। आजलाई आजकै दुःख पुग्दो छ।", यूहन्ना १६:३३ "३३तिमीहरू ममा रहेर शान्ति पाउन सिक भनेर नै मैले तिमीहरूलाई यी सबै कुरा भनेको हुँ। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहसिलो होओ किनभने मैले संसारलाई जितिसकेको छु।", दानिएल १२:१ "१ सुती वस्त्र पहिरेका स्वर्गदूतले भन्दैगए, "त्यस बेला हाम्रा मानिसहरूको रक्षा गर्ने महान् स्वर्गदूत मिखाएल देखापर्नेछन्। तब यस्तो सङ्कष्टको समय

आउनेछ कि जातिजातिको सुरु भएको समयदेखि त्यस बेलासम्म त्यस्तो समय कहिल्यै आएको थिएन। त्यो समय आउँदा परमेश्वरको पुस्तकमा नाम लेखिएका तिम्रा सबै मानिसहरू बाँच्नेछन्।" र मत्ती २४:६-८ "६ तिमीहरूले लडाइँ भयो भन्ने र लडाइँ हुने हल्लाहरू सुन्नेछौ। तर त्यस बेला तिमीहरू नडराउनू। ती सबै कुराहरू त हुनु नै पर्छ, तर त्यति नै खेर त संसारको अन्त हुँदैन। ७ जाति-जातिको बीचमा लडाइँ चल्नेछ। अनि एउटा राज्यले अर्को राज्यमाथि हमला गर्नेछ। जताततै अनिकालपर्नेछ र भूइँचालो जानेछ। ८ यी कुराहरू त दु:खको सुरु मात्रै हो।"

**सर्व-ज्ञानी, सर्व-प्रेमी, सर्व-व्यापी र सर्व-प्रेमी परमेश्वर वास्तविक परमेश्वर हुनुहुन्छ र कुनै मनगढन्ते तरिकाले मानिसले सृष्टि गरिएको अवधारणा होइन भनेर बाइबलले स्पष्टरूपमा सिकाउँदछ। तर साथै दुष्ट, आतङ्क, दु:खकष्ट र शोक पनि वास्तविक हुन् भनेर पनि बाइबलले सिकाउँदछ। तर संसारमा खराब वा दु:खकष्ट भयो भन्दैमा परमेश्वरलाई विश्वास नगर्ने बहाना उचित छैन। यथार्थमा भन्ने हो भने जतिसुकै महाकष्ट र पीडा भोग्नुपरेतापनि र दिग्दारी र ठूलो शोक व्यक्त गरेतापनि परमेश्वरको अस्तित्वप्रति अय्यूबले कहिलै पनि प्रश्न गरेनन्। तर ती दु:खकष्ट, महान् सङ्कट र पीडा उनले किन भोग्नुपर्‍यो भन्ने प्रश्नको जवाफचाहीँ त्यस अय्यूबको पुस्तकले हामीहरूको सामु उघारिदिएको छ।**

हामीले अनाहक वा अपेक्षा नगर्दा पनि दुष्टको सामना गर्नुपर्दा अनेकन् प्रश्नहरू हामीहरूको दिमागमा ओहिरनु स्वभाविकै हो। यद्यपि अय्यूबको अनुभवलाई मध्य नजरमा हेरेर हामीहरूलाई जे भएतापनि परमेश्वरमाथि भरोसा राख्न कसरी सिक्ने?

## ४ मानिसलाई अकमकमा पार्ने जटिल समस्या (अय्यूब ६:४-८)

अय्यूबले अत्यन्त सान्दर्भिक तथा समसामयित विषयबस्तुसँग मानसिक रूपमा संघर्ष गरिरहेको देहायका पदहरूले देखाउँछ तर कुन् महत्त्वपूर्ण प्रश्न उनले उठाउँदैनन्? हेर्नुहोस् अय्यूब ६:४-८ "४ सर्वशक्तिमान् परमेश्वरले आफ्नो काँडा ममा रोप्नुभएको छ। त्यसको विष मभित्र छरिएको छ, मलाई भयभीत पार्ने परमेश्वरका डरलाग्दा कुराहरू मेरा विरुद्धमा लहरै खडा छन्। ५ घाँस खान पाए गधा सन्तुष्ट हुन्छ, पराल खान पाए गोरु चुप लाग्छ। ६ तर कसले खल्लो, अलिनो खाना खान सक्छ? फुलको सेतो भागमा के स्वाद

हुन्छ र? ७ त्यस्तो खाना खाने मलाई रुचि छैन। यस्तो कुराले मलाई बिरामी बनाउँछ। ८ मैले मागेका कुरा मलाई परमेश्वरले किन दिनुहुन्न? किन मेरा प्रार्थनाको उत्तर उहाँले मलाई दिनुहुन्न?" र अय्यूब ९:१-१२ “१हो, यी सबै कुरा मैले अघिबाटै सुनिसकेको छु। तर मानिसले कसरी परमेश्वरसित मुद्दा जित्न सक्ला?३ कसैले उहाँसित विवाद गर्न सक्दैन। उहाँले हजार प्रश्न सोध्न सक्नुहुन्छ, तर कसैले एउटै पनि उत्तर दिन सक्दैन। ४ परमेश्वर यति ज्ञानी र शक्तिशाली हुनुहुन्छ कि कोही मानिस उहाँको विरुद्धमा खडा हुन सक्दैन। ५ कसैलाई थाहै नदिई उहाँले पर्वतहरू हटाउनुहुन्छ र क्रोधमा उहाँले तिनीहरूलाई नष्ट गर्नुहुन्छ। ६ परमेश्वरले भूइँचालो पठाउनुहुन्छ र पृथ्वी थर्काउनुहुन्छ। पृथ्वीलाई थाम्ने खामाहरू उहाँले नै हल्लाउनुहुन्छ। ७ उहाँले बिहान सूर्य उदाउन र राती ताराहरू चम्कनबाट रोक्न सक्नुहुन्छ। ८ आकाश फैलाउनुहुँदा समुद्रको डरलाग्दो जीव-जन्तुको पिठ्युँ कुल्चनुहुँदा, कसैले उहाँलाई मद्दत गरेन। ९ उहाँले सप्तर्षि, मृगशिरा र नक्षत्रहरू अनि दक्षिणका तारा मण्डलहरू आकाशमा राख्नुभयो। १० उहाँका महान् कार्यहरू हामी बुझ्न सक्दैनौं। उहाँका उदेकका कामहरूको अन्त छैन। ११ मेरा छेउबाट भएर परमेश्वर जानुहुन्छ, तर म उहाँलाई देख्न सक्दिनँ। १२ जे इच्छा लाग्यो, त्यो उहाँले लिनुहुन्छ। कसैले पनि उहाँलाई रोक्न सक्दैन। "यो के गरेको?" भनी कसले उहाँलाई सोध्न सक्छ?"

परमेश्वरको वास्तविक अस्तित्वको बारेमा अय्यूबले कहिलै पनि प्रश्न गरेको छैन भनेर अघिल्लो बुँदामा हेर्‍यौं। तर आफू अनेकन कष्टमा किन परिरहेको छ भन्ने प्रश्नचाहीं उनले सोध्दछन्। अय्यूबलाई आएका ती महाकष्टहरूको बारेमा हामीले सोच्यौं भने अय्यूबले गरेका प्रश्नहरू जायजै देखिन्छ। आफूलाई जतिसुकै पीडा भएपनि अय्यूबले परमेश्वरलाई विश्वास गरिरहेकै हुन्छ। तर परमेश्वरलाई विश्वास नगर्नेहरूको बारेमा के भन्ने? उदाहरणमा कुनै नास्तिक वा परमेश्वरप्रति आस्था नराख्ने व्यक्तिको बारेमा सोचौं। दुःखकष्ट र पीडा किन हुन्छ त्यसको व्याख्या स्पष्ट र सरल छ भनेर उसले भन्न सक्छ। हामी उद्देष्यहिन र अनर्थको संसारमा छौं, हाम्रो मतलब कसले राख्दछ र भनेर उसले तर्क राख्न सक्दछ। त्यसकारण वरिपरि रहेको कसैले कसैको वास्ता नगर्ने, चिसो र निष्ठुर स्वभावका मानिसहरूको बीचमा हामीहरू रहनुपरेकोले हामीहरू पनि कहिलेकाहीं तिनीहरूको बेकारको शिकार

हुनुपर्दा नास्तिकहरूको व्याख्या उचितै भएको देखिन्छ। यदि जीवनको कुनै अर्थ छैन भने जीवनमा आउने अनेकन् दुःखकष्टहरू पनि अर्थहीननै देखिन्छ।

कतिपयको निम्ति उपरोक्त वाख्या निराशजनक र असंतुष्ट हुनसक्छ। तर परमेश्वर नै छैन भने त्यो मनस्थिति मनासिवै देखिन्छ। तर अय्यूब जस्तो मानिसको निम्ति आफ्नो दुःखको बारेमा क्षोभ वा दुःख प्रकट गर्दा त्यो फरकै ढँगले प्रस्तुत गरेको हुन्छ।

देहायका पदहरूले अय्यूबलाई कुन प्रश्नहरूले पिरोलि रहेका थिए भनेर बताउँछ? हेर्नुहोस्ः अय्यूब १०:८-१२ "८ तपाईंका आफ्ना हातले मलाई बनाउनुभयो र रूप दिनुभयो, अब त्यही हातले मलाई नाश गर्नुहुन्छ। ९ याद गर्नुहोस्, तपाईंले मलाई माटोले बनाउनुभयो। के अब धुलो-पिठो पारेर मलाई माटैमा फर्काउनुहुन्छ? १० मलाई जन्म दिनु तपाईंले मेरा बुबालाई शक्ति दिनुभयो र मेरी आमाको गर्भमा मलाई बढाउनुभयो। ११ तपाईंले मलाई हाड र नसाहरूले बनाउनुभयो र ती हाडलाई मासु र छालाले भर्नुभयो। १२ तपाईंले मलाई जीवन दिनुभयो र ममाथि अनन्त प्रेम राख्नुभयो। तपाईंको कृपाले मलाई बचाइराखेको छ।"

हो, जसरी अय्यूबले आफूलाई दुःख पर्दा परमेश्वरलाई नै लक्षित गरि अनेकन् पिडाहरू पोखाएका थिए ती अझ पनि विश्वासीहरूले पोखाइरहेको पाइन्छ अर्थात जुन प्रश्नहरूसँग अय्यूबको दिमागले लडिरहेका थिए त्यही प्रश्नहरू पनि परमेश्वरमा आस्था राख्नेहरूको मनमा पनि लडिरहेको हुन्छ। यदि परमेश्वर प्रेमिलो, असल र उहाँ साँच्चिकै हुनुहुन्छ भने मानव जगतले किन दुःख पाइरहेको छ? अय्यूब जस्तो असल, भलाद्मी र धर्मी मानिस पनि किन पाप तथा सङ्कष्टको भूमरीमा पर्नुपरेको छ? र तिनीहरूका दुःखकष्ट र पिडा किन अर्थहिन देखिन्छ? फेरि जगतमा परमेश्वरको अस्तित्व छैन भने नास्तिक तथा परमेश्वरमा आस्था नराख्ने मानिसहरूले दावी गरेका जवाफहरू स्पष्ट र सरल देखिन्छः हामी दुःखकष्ट र पीडामा पर्दछौं किनभने हामी चिसो, निष्ठुर र कसैले कसैको वास्ता नगर्ने संसारमा छौं र पृथ्वी तथा मानव जगत अचानक तवरले सृष्टि भएको हो।

तर अय्यूबलाई थाहा थियो कि उपरोक्त नास्तिक तथा परमेश्वरप्रति आस्था नराख्ने मानिसहरूको धारणा गलत छ। हामीलाई पनि परमेश्वरको अस्तित्वको बारेमा थाहा छ त्यसैकारण हामी पनि मानव वेदना अर्थात् दुःखको प्रश्नसँग संग्राम गरिरहन्छौं।

## ५ थियोडेसी अर्थात् यस संसारमा पाप तथा दुष्टको उपस्थित भएपनि परमेश्वर असल र शर्बशक्तिमान हुनुहुन्छ (रोमी ३:१-४)

रोमी ३:१-४मा पावलले यहूदीहरूको चर्चा गरिरहेको पाउँछौं। झट्ट हेर्दा परमेश्वरका केही जनहरूले उहाँप्रति विश्वासघात गरेको देखाइएको छ। तर पावलको चर्चामा ठूलो विषयवस्तुलाई कसरी औँल्याइरहेका छन्? यथार्थमा उनले परमेश्वरको बारेमा के भनिरहेका छन्? हेर्नुहोस्, "१ अब यहूदीलाई के फाइदा छ त? अथवा खतनाको के मोल? २ हरप्रकारले यसमा ज्यादै लाभ छ। सर्वप्रथम त परमेश्वरको वाणी यहूदीहरूलाई सुम्पिएको हो। ३ यदि तिनीहरूमध्ये कसैकसैले विश्वास गरेनन् भने, के भयो त? के तिनीहरूको अविश्वासले परमेश्वरको विश्वासयोग्यतालाई रद्द तुल्याउँछ र? ४ त्यसो नहोस्, परमेश्वर सत्य र हरेक मानिस झूटो ठहरिओस्। जस्तो लेखिएको छ, "तपाईं आफ्ना वचनमा ठीक ठहरिनुहोस्, र इन्साफ हुँदा तपाईं विजयी हुनुहोस्।"

**भजन ५१:४लाई उदृध गर्दै पावलले परमेश्वर आफै "ठिक हुनुहुन्छ जब मलाई तपाईंले मेरो (पावलको) बारेमा कुरा छिनाउनुहुन्छ। मलाई न्याय गर्दा तपाईंले (परमेश्वर) न्यायोचित तरिकाले न्याय गर्नुहुन्छ" (रोमी ३:४ रूपान्तरित)। जुन धारणा यहाँ प्रकट गरिएको छ त्यो यस्तो विषयवस्तु हो जुन् बाइबलको विभिन्न ठाउँहरूमा देखापरेको पाइन्छ। यसलाई अङ्ग्रेजीमा थियोदेसी (theodicy) भनेर सम्बोधन गरिन्छ। दुष्टताको सामना गर्दा पनि परमेश्वरको भलाईको बारेमा बुझ्न सक्षम् हुने निति लिन सक्नु त्यस शब्दको व्याख्या हो। यस अध्यायमा पढिरहेको युगौं युगसम्मको प्रश्नलाई त्यस शब्दले निचोढमा व्यक्त गर्दछ। यथार्थमा भन्ने हो भने परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादको संघर्ष न थियोदेसी शब्दको सार हो। यस संसारमा दुष्ट, खराब आतङ्कले राज्य जमाएतापनि सारा मानव जगतको सामु, सारा स्वर्गदूतहरूको सामु र सारा जगतको सामु परमेश्वरको असल नियत वा हामीप्रति उहाँको हित स्पष्ट रूपमा देखाइएको छ।**

**"(ख्रीष्ट र शैतानको बीचमा) भइरहेको को न्यायी को अन्यायी भन्ने विवादमा उठेका प्रत्येक सत्य र असत्य प्रश्नको उत्तर अब सदाको निम्ति स्पष्ट पारिएको छ। सारा सृष्टि गरिएका स्वर्ददूतहरू र जगतका जीवहरूको सामु (शैतानले परमेश्वरसँग गरिएको) विद्रोह र परमेश्वरका निति र व्यवस्थाहरूलाई वेवास्ता गर्दा भएको परिणाम उघारिदिएको छ। शैतानको आफ्नै काम तथा**

नितिहरू कतिको दोषपूर्ण रहेछ भनेर छर्लङ्ग पारिएको छ। परमेश्वरको गरिमामय नाउँ, उहाँको वुद्धि, उहाँको न्यायपरायणता र उहाँको सर्वहितको चरित्रलाई शैतानले गरेको झुठो आरोप सारा जगतको सामु खण्डन भएको छ। शैतानसँगको संघर्षमा परमेश्वरले चाल्नुभएको प्रत्येक कदम उहाँका जनहरूको अनन्त भलाइको निम्ति र उहाँले सृष्टि गर्नुभएको सारा संसारहरूको हितको निम्ति चाल्नुभएको थियो भनेर देखिएको छ।"-एलेन जी ह्वाइट, *दे ग्रेट कन्त्रोभर्सी,* पृ. ६७०,६७१बाट उदृध।

पाप, दुःख, कष्ट, पीडा, बेदना र आतङ्कको भुमरीमा परिरहेको संसारमा हामी रहनुपर्दा हामीप्रति परमेश्वरको असल गुण कायम भइरहेको छ भनेर बुझ्न हामीलाई कठिन होला। यदि हामीलाई त्यो बुझ्न सान्हो भएको छ भने अय्यूबलाई त झन कस्तो होला? जब सबै कुराको पार हुन्छ तब सबै मानिसहरूसँग, शैतानसँग र पापसँग परमेश्वरले चालिरहनुभएको कदम न्यायपूर्ण, प्रेमिलो, हितपूर्ण र उचित छन् भनेर हामीले देख्न पाउनेछौं। यो प्रतिज्ञाको अर्थ यो होइन कि यस संसारमा जे भइरहेको छ सो सबै असल छ। त्यो छैन भनेर हामीले स्पष्टरूपमा स्वीकाछौं। यस संसारमा पाप र दुःखकष्टसँग जुन् रूपमा परमेश्वरले कारोबार गर्नुभएको छ सो सकेसम्म असल छ भनेर त्यस प्रतिज्ञाको अर्थ हो। जब पापसँग भएको आततायी अनुभवको अन्त्य हुन्छ तब हामी यसरी चिच्याउनेछौं: "३ तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, “हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्।" (प्रकाश १५:३)।

हामीहरूले बोकिरहेका भारिहरू भारि भएतापनि र दुःखकष्ट पीडालाई स्वीकार गर्न अत्यन्त कठिन भएतापनि परमेश्वरको स्तुति गर्न भुल्नु हुन्न भन्ने निति किन महत्त्वपूर्ण छ?

## उपसंहारः

थप जानकारीः **आफ्नो श्रीमतीको मृत्यु र उनको मृत्युलाई स्वीकार्न संघर्ष गरिहेका प्रख्यात इसाई साहित्यकार सी. एस. लिविसले त्यसबेला एक पुस्तक लेखेका थिए। त्यस पुस्तकमा उनले लेख्छन्:**

**"परमेश्वरमाथि विश्वास गर्न म रोक्छु भन्ने खतरामा त म परेको होइन। परमेश्वरको बारेमा अत्यन्त नराम्रो कुराहरू सोच्न वाध्य हुनुपर्दा**

वास्तविक खतरा हुने कुरामा म डराउँछु। "आखिरमा परमेश्वर हुनुहुन्न" भन्ने निश्कर्षमा मलाई डर लाग्दैन। बरू यो कुरामा म आउँछु होला भनेर मलाई डर लाग्छ, "त्यसकारण परमेश्वर हुनुहुन्छ भनेर आफ्नो वास्तविकतालाई देखाउनुभएको छ। हे प्रभु तपाईं आफूलाई धोका नदिनुहोस्।"-*ए ग्रीफ अबजर्व्द (*सान् फ्रान्सिस्कोः हार्पर सान फ्रानसिस्को, १९६६*), पृ. ६,(*बाट रूपान्तरित। त्यही प्रश्नसँग अय्यूब आफै पनि संघर्ष गरिरहेका थिए। हामीले हेऱ्यौं कि परमेश्वरको अस्तित्वप्रति अय्यूबले कहिलै पनि शङ्का गरेनन्। तर परमेश्वरको चरित्रसँग उनी संघर्ष गरिरहेका थिए। अय्यूबले बफादारितकासाथ र इमान्दारितकासाथ परमेश्वरको सेवा गरेका थिए। परमेश्वरकै नजरमा पनि अय्यूब असल मानिस थिए। जति नराम्रो कुरा आफूमा आइपरिरहेको थियो त्यो आउन आवश्यक थिएन भनेर उनलाई थाहा थियो। त्यसकारण उनले त्यही प्रश्न सोध्छन् जुन् धेरै असल मानिसहरूले सोध्छन् जब नराम्रो कुरा तिनीहरूले सामना गर्नुपर्ने हुन्छः *वास्तविक परमेश्वर कस्तो हुनुहुन्छ?* त्यो प्रश्नको जवाफ खोज्न के परमेश्वर र शैतानको बीचमा भइरहेको महान् संघर्षको वास्तविकतामा होइन र? परमेश्वर हुनुहुन्छ कि भन्ने प्रश्नमा हामी अल्झिएका होइनौं तर उहाँ को हुनुहुन्छ र उहाँको चरित्र कस्तो छ भन्ने प्रश्नहरूमा हामी अल्झिरहेका छौं।

परमेश्वर र शैतानको बीचमा भइरहेको महान् विवादको संघर्षको समस्यामा धेरै कुराहरू समावेश भएका छन्। क्रुसमा येशूको मृत्युको बारेमा सोध्नुपर्ने प्रश्न केही छैन। परमेश्वरको पुत्र "हाम्रो निम्ति आफूलाई सुम्पनुभयो। उहाँ परमेश्वरको सामु बलि र मिठो बास्ना दिने भेटी हुनुहुन्छ" (एफिसी ५ः२ रूपान्तरित)। तर सबभन्दा ठूलो कुरो त यो छ कि सारा जगतको सामु उहाँले हामीहरूको सनातन सृष्टिकर्ता परमेश्वरको सही चरित्रलाई देखाउनुभएको थियो। परमेश्वर त्यो परमेश्वर हुनुहुन्छ जसमाथि हामी भरोसा राख्न सक्छौं भनेर क्रुसले हामीलाई देखाउँदछ।

**चिन्तनमननः**

अ परमेश्वरलाई विश्वास नगर्नेहरू वा उहाँमाथि आस्था नराख्नेहरूको निम्ति येशूले पाउनुभएको दुःखकष्टको बारेमा गहिरोसँग सोच्नुहोस्। दुःखपीडा र भयङ्कर आततायी घट्नाहरू घट्दा परमेश्वरलाई विश्वास गर्नेहरूले जस्तो प्रश्नहरूसँग संघर्ष गर्नुपर्दैन। तर यदि ती प्रश्नहरू तिनीहरूले

गरेतापनि त्यसको जवाफ तिनीहरूले पाउनेछन् भन्ने आशा के तिनीहरूमा कहिलै होला त? यस संसारमा हामीले जे झेलेतापनि त्यसको अन्त्य केवल चिहान वा चितामा मात्रै हो र त्यसपछि केही आशा छैन भन्ने मनस्थितिको बारेमा सोच्नुहोस्। त्यसले गर्दा परमेश्वरलाई विश्वास नगर्ने मानिसहरू यस जीवनदेखि दिक्क हुने र जीवनको अर्थहिनतालाई आत्मसात् गरेर निराश हुन्छन्। संसारमा पाइने अनेकन् पुस्तकहरू, अखबारहरू र पत्रिकाहरूमा जीवनको निर्थकताको बारेमा गुनासो नै गुनोसोले भरिएका हुन्छन्। जटिल प्रश्नहरूको जवाफ तत्कालै नपाएतापनि कष्टहरूको बीचमा हामीले गरेको आस्थाले गर्दा त्यसबाट पाएको आशालाई कसरी पकडि राख्ने?

आ अहिले नै क्रुसको बारेमा गहिरो गरेर सोच्नु किन आवश्यक छ? परमेश्वरको प्रेम र परमेश्वर कस्तो हुनुहुन्छ भनेर देखाउने अत्यन्त प्रभावकारी प्रमाण क्रुस हो। जब हामीलाई दिक्क लाग्छ वा दुःखले भरिएका हुन्छौं त्यसबेला क्रुसलाई सम्झिन्दा परमेश्वरको चरित्रको बारेमा हामीलाई के जानकारी दिन्छ? अहिले हामीले जेसुकै सामना गरिरहेतापनि जब हामीले क्रुसलाई सम्झिन्छौं तब त्यसबाट हामीले के आशा प्राप्त गर्न सक्छौं?